# नेपाली भाषामा प्रयुक्त लैङ्गिक विभेदक उखान

**भागीरथा न्यौपाने**[*]

**लेखसार**

*लैङ्गिक विभेद जनाउने, महिलालाई होच्याउने, हिंसात्मक प्रकृतिका उखानहरू लैङ्गिक विभेदक उखान हुन् । विभेदकारी उखानहरू अभिधात्मक मात्र नभई लाक्षणिक र व्यञ्जनात्मक आदि प्रकारका पनि हुने भएकाले अभिव्यक्तिको सन्दर्भ, आशय तथा प्रसङ्गबाट अर्थ पहिल्याउनुपर्ने हुन्छ । यस लेखमा हाम्रो समाजमा प्रचलित लैङ्गिक विभेदक उखान, टिप्पणी, अभिव्यक्ति आदिलाई नारीवादी दृष्टिकोणबाट विश्लेषण गर्ने उद्देश्य राखिएको छ । उक्त उद्देश्य प्राप्तिका लागि नेपाली लोकजीवनमा प्रयोग प्रचलनमा रहेका लैङ्गिक विभेद जनाउने केही उखानहरूको उद्देश्यपूर्ण तरिकाले नमुना छनोट गरिएको छ । बोलीचालीका क्रममा प्रयोग गरिने लैङ्गिक विभेदयुक्त उखानलाई प्राथमिक स्रोत मानी सङ्कलित तथ्यलाई नारीवादी दृष्टिकोणका आधारमा गुणात्मक विधिअनुरूप आलोचनात्मक विश्लेषण गरिएको छ । नेपाली समाजमा विभेदक भनाइहरू तथा उखान, टुक्कालगायतका विविध भाषिक टिप्पणीहरूमा पितृसत्तात्मक सोच प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हालसम्म पनि रही आएको पाइन्छ । यस्ता भनाइहरूलाई कथ्य र लेख्य दुवै रूपमा हटाई समतामूलक समाज निर्माण गर्नका लागि भाषिक प्रयोक्ता सचेत हुन आवश्यक देखिन्छ । यसैगरी पठनपाठनका क्षेत्रमा पाठ्यक्रम र पाठ्यपुस्तकहरू निर्माण गर्दा पनि लैङ्गिक विभेद जनाउने भाषालाई निरुत्साहित गरिनुपर्छ ।*

**शब्दकुञ्जी**

लोकोक्ति, लैङ्गिकता, आक्षेपयुक्त उखान, हिंसाप्रेरित उखान, अवमूल्यनगत उखान ।

---

* उपप्राध्यापक, सानोठिमी क्याम्पस, भक्तपुर ।

# [Gender discriminatory proverbs used in Nepali language

**Bhagiratha Neupane**


## Abstract

*Proverbs/aphorisms indicating gender discrimination, devaluing women or with nature of provoking violence towards women are gender discriminatory proverbs. As proverbs are not only literal but also metaphorical and figurative, their meanings is to be inferred connotatively, taking into consideration the intention of the speaker and the context of the expression. In this article, it is intended to analyze the gender discriminatory proverbs, aphorisms, sayings, comments etc. prevalent in our society from a feminist point of view. In order to achieve this objective, some sample proverbs found in Nepali folk life indicating gender discrimination have been selected purposefully. Based on the selected discriminatory proverbs used during normal discourses in different parts of Nepal as primary source, they are critically analyzed according to the qualitative method from feminist points of view. Direct or indirect traces of patriarchal thinking is reflected in those discriminatory proverbs, aphorism, sayings, or linguistic commentaries. Language users are to be cautious and avoid such languages in both oral as well as written forms so as to create equity and equality in our society. Similarly, the language denoting gender discrimination should be discouraged while preparing school curricula and textbooks.*



## Keywords

Aphorism, Sexuality, Defaming proverbs, Violence inclining proverbs, Devaluing proverbs.]


## विषयपरिचय

लोकजीवनमा प्रचलित सूत्रात्मक र लघु आकारको लोकोक्ति नै उखान हो। जीवन भोगाइका क्रममा लोकले देखे-भोगेका तथा अनुभव गरेका सत्य कुराहरूलाई उखानको माध्यमबाट छोटो रूपमा प्रस्तुत गर्ने प्रचलन मानव सभ्यताको आदिम कालबाट नै विकास भएको पाइन्छ। वैदिक साहित्य, लौकिक कथनका साथै संस्कृतका विभिन्न ग्रन्थहरूमा सूक्तिहरू भेटिन्छन् (बन्धु, २०७१)। यस आधारमा उखानको प्रयोगले लामो इतिहास बोकेको छ भन्न सकिन्छ। यसमा मानिसको लामो जीवनको छोटो, पूर्ण र सरल अभिव्यक्ति भएको हुन्छ। यसको प्रयोगले भाषिक मिठास प्रदान गर्दै अभिव्यक्तिलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ। सरल प्रकृतिका भए पनि कतिपय उखानहरू लाक्षणिक र व्यञ्जनात्मक रूपमा पनि प्रस्तुत भएका हुन्छन्। लाक्षणिक र व्यञ्जनात्मक उखानको अर्थ अभिव्यक्तिको सन्दर्भ, आशय तथा तात्पर्य र प्रसङ्गबाट प्रस्ट हुन्छ भने सरल प्रकृतिका उखानहरू सोभ्कै स्पष्ट हुन्छन्। *नेपाली बृहत् शब्दकोश* (२०७५) ले उखानलाई लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोक्ति, आहान, कहावत आदि भनेर

परिभाषित गरेको छ। यसैगरी (बन्धु, २०७१) ले जीवनको सत्य, अनुभवसिद्ध ज्ञान, सार्वभौम एवं सार्वकालिक अभिव्यक्तिका रूपमा सङ्क्षिप्त तथा सरल ढङ्ले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यक्तिलाई उखान भनेका छन्। उखानहरू प्रायः उद्देश्य र विधेययुक्त भई बहुपदावलीय संरचनाका हुनुका साथै स्थिर स्वरूपका हुन्छन् (घिमिरे, २०७०, पृ. ५३)। त्यसैले उखानको संरचना टुक्काभन्दा लामो हुने गर्दछ। कुनै पनि व्यक्तिले भाषिक अभिव्यक्तिका क्रममा प्रयोग गर्ने उखानका माध्यमबाट उसको सामाजिक, सांस्कृतिक तथा वैचारिक पक्ष झल्किने गर्दछ भने समाजमा प्रचलित उखानको माध्यमबाट त्यस समाजको दृष्टिकोण, सोचाइ, शैक्षिक-आर्थिक स्तर, तात्कालीन समाजको ऐतिहासिक अवस्था आदिका बारेमा थाहा पाउन सकिन्छ। समाजमा मानिसको शारीरिक अवस्था, मानसिक अस्वस्थता, जातीयता, आर्थिक विपन्नता, वर्गीयता आदिलाई लिएर विभिन्न टिप्पणी गर्ने प्रवृत्ति छ। त्यसैगरी शैक्षिक दृष्टिले पिछडिएका र भौगोलिक विकटता आदिलाई आधार मानेर पनि विभिन्न किसिमका टिका-टिप्पणी गर्ने तथा उखान-टुक्काको माध्यमबाट व्यङ्ग्य गर्ने, आक्षेप लगाउने, होच्याउने, हिंसात्मक अभिव्यक्ति दिने गरिन्छ। यस्ता विभेदकारी टिका-टिप्पणीले सामाजिक सहिष्णुतामा बाधा पुऱ्याउँछ र फाटो ल्याउने काम गर्दछन्।

अभिव्यक्तिको कथ्य र लेख्य दुवै रूपमा उखानको प्रयोग गरिन्छ। उखानहरू भाषिक व्यवहारमा प्रयोग भएर लोकका रीतिस्थिति, रहनसहन, विश्वास, दृष्टि, छवि आदिलाई प्रस्ट्याउँदै सामाजिक, सांस्कृतिक, आर्थिक आदि मूल्य, मान्यताहरूमा कुनै न कुनै रूपमा व्यवहरित हुन्छन् (पौडेल, २०७७, पृ. ४७)। अनौपचारिक कुराकानी तथा संवाद, औपचारिक सभा समारोहमा दिइने भाषण, टिकाटिप्णी; विचार, विमर्श; प्रवचन, वक्तृत्वकला आदि भाषिक अभिव्यक्तिलाई रोचक बनाउन कथ्य रूपमा उखानको प्रयोग गरिन्छ भने अध्ययन, अनुसन्धान; साहित्यका विभिन्न विधाहरू, सामान्य लेखहरू तथा केही व्यावहारिक लेखनहरूमा पनि उखानको प्रयोग गरी भाषिक मिठास ल्याउने प्रयत्न गरिन्छ; जस्तै : 'आफू भलो त जगत भलो', 'हुने बिरुवाको चिल्लो पात' आदि तर विभेदक लोकोक्तिहरूले चाहिँ समाजका वर्ग, लिङ्ग, क्षेत्र, पेसा आदिप्रति नकारात्मक तरिकाले पनि टिप्पणी गर्दछन्। यो एउटा उदाहरण हेरौँ– 'आइमाईका कुरा काँचका चुरा'। पितृसत्तात्मक समाजमा महिलालाई यसरी उपेक्षाका दृष्टिले हेरिन्छ। यस्ता विभेदक उखानले लैङ्गिक, जातीय, वर्गीय आदि क्षेत्रमा फाटो ल्याउँछन्।

हाम्रो समाजमा विभेदक प्रकृतिको भाषिक प्रयोग परापूर्व कालदेखि नै चलिआएको हो वा पछि विकास भएको हो भन्ने सन्दर्भमा हेर्दा वैदिक भाषिक चिन्तन परम्परामा जातीय, वर्गीय तथा लैङ्गिक समानता भए पनि लौकिक संस्कृतमा भाषिक चिन्तन परम्परादेखि ब्राह्मणहरूले आफूअनुकूलको भाषा प्रयोग गर्दै विभिन्न ग्रन्थहरूको रचना गरेसँगै भाषिक अभिव्यक्तिमा विभेदक उखानहरूको पनि प्रयोग बढ्दै आएको अनुमान गर्न सकिन्छ। वर्तमान समयमा आइपुग्दा पनि विशेषगरी दक्षिण एसियाली मुलुकहरूमा महिला हिंसाका घटनाहरू धेरै हुने गरेका छन्। यस्ता घटनाहरू घट्नुमा त्यस समाजको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक पक्षको पनि ठुलो भूमिका रहेको हुन्छ। यस्ता विवधि पक्षहरूको प्रभाव स्वरूप लोकजीवनमा सकारात्मक भावयुक्त उखानका साथसाथै नयाँनयाँ विभेदक उखानहरूको पनि जन्म हुँदै जान्छ र समाजले त्यसलाई सहजै पचाएको पनि हुन्छ। नेपाली समाजमा औपचारिक रूपमा गरिने सभा, समारोहमा सम्बोधन गर्दा पनि तटस्थ शब्द प्रयोग नगरी विभेदकारी शब्द प्रयोग गरिन्छ; जस्तै : सभापति, श्रीमान् आदि। जुनसुकै सभा, समारोह कार्यक्रमको मुख्य व्यक्ति पुरुष नै हुनुपर्छ, महिलाले गर्न सक्दैनन्, महिलालाई मुख्य जिम्मेवारी दिनुहुन्न भन्ने विचारले ग्रसित भएर पितृसत्तात्मक समाजले प्रचलनमा ल्याएका यस्तै प्रकारका केही शब्दहरूको विकल्प खोज्ने मात्र होइन व्यवहारमा पनि लागु गर्नुपर्छ। त्यसैगरी कतिपय फारम, निमन्त्रणापत्र आदिमा श्रीमान्/श्रीमती/सुश्री लेखिन्छ। सुश्रीको पुलिङ्ग शब्द के

हुन्छ र किन प्रचलनमा ल्याइएन ? स्त्री जातिले चाहिँ जुनसुकै स्थानमा पनि विवाहित र अविवाहितको प्रमाण दिनुपर्ने हुन्छ तर पुरुषले किन दिनु पर्दैन भन्ने कुरालाई गम्भीर रूपले सोच्नु जरुरी छ ।

नेपालमा गरिएका विभिन्न अनुसन्धानहरूलाई हेर्दा भाषासम्बन्धी अनुसन्धान, उखान-टुक्कासम्बन्धी अनुसन्धान, विभिन्न विधागत कृतिहरूमा प्रयुक्त नारीवादी चेतनासम्बन्धी अनुसन्धानहरू गरिए पनि लैङ्गिक विभेदक उखानहरूको अनुसन्धानमूलक तरिकाले अध्ययन भएको खासै पाइँदैन । केही पत्रपत्रिकाहरूमा लैङ्गिक विभेदका सम्बन्धमा लेखहरू प्रकाशन भए पनि साधारण लेखहरू मात्र छन् । त्यसैले यस लेखमा हाम्रो समाजमा प्रचलित केही लैङ्गिक विभेदक उखान, टिप्पणी, अभिव्यक्ति आदिलाई नारीवादी दृष्टिकोणबाट विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा लोकजीवनमा प्रयोग प्रचलनमा रहेका लैङ्गिक विभेद जनाउने केही उखानहरूको उद्देश्यपूर्ण तरिकाले असम्भावनात्मक नमुना छनोट गरिएको छ । बोलीचालीका क्रममा प्रयोग गरिने लैङ्गिक विभेदयुक्त १० ओटा उखानहरूलाई यस अनुसन्धानका प्राथमिक सामग्री मानिएको छ भने विश्लेषण गर्ने क्रममा अध्ययन गरिएका लिखित सामग्रीहरू (लेख/रचना, पुस्तक, पत्रपत्रिका आदि) लाई द्वितीय स्रोतका सामग्री मानिएको छ । विभिन्न प्रकारका भाषिक अभिव्यक्तिबाट सङ्कलित तथ्यलाई नारीवादी दृष्टिकोणका आधारमा गुणात्मक विधिअनुरूप आलोचनात्मक विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा

नारी, पुरुष र अन्य लिङ्ग प्राकृतिक रूपमा फरक छन् । प्राकृतिक रूपमा भएको फरकपनमा टेकेर सामाजिक सन्दर्भका भाषिक अभिव्यक्तिहरूमा नारी भएकै आधारमा विभेद गरिँदै आएको पाइन्छ । लिङ्ग र लैङ्गिकता उस्तैउस्तै लागे पनि यी दुई फरक कुरा हुन् । समाजले पुरुष र स्त्रीका सम्बन्धमा निर्धारण गरेका सामाजिक मान्यता, आस्था, धारणा, संस्कार, व्यवहार, चिन्तन आदिको समष्टि रूप नै लैङ्गिकता हो । लैङ्गिकता मानिसले जन्मसिद्ध लिएर आएको कुरा होइन; यो नारी र पुरुषले गर्ने काम, उनीहरूको शक्तिसम्बन्ध, उनीहरू बसेको सामाजिक-सांस्कृतिक मान्यता आदिका आधारमा मानिसमा पछि विकास भएको सामाजिक बुझाइ र मान्यता हो (पाण्डे, २०६९, पृ. ९) । लिङ्ग प्राकृतिक र जैविक हुन्छ तर लैङ्गिकता मानव निर्मित अवधारणा भएकाले भिन्न मूल्यमान्यता, संस्कार-संस्कृति भएका फरकफरक समाजमा फरकफरक किसिमले अर्थ्याइएको पाइन्छ । लैङ्गिकता समाजबाट अभिप्रेरित हुन्छ । मानिस जस्तो समाज तथा परिवारमा हुर्कियो त्यसको अमिट छाप बाल मस्तिष्कमा पर्दछ । त्यसैले बाल्यकालीन अवस्थामा अभिभावकले बालबालिकाप्रति गर्ने व्यवहारबाट नै लैङ्गिक विभेदको प्रारम्भ हुन्छ (एकर्ट र गिनेट, सन् १९९९) । अभिभावकले नै आफ्ना छोराछोरीलाई गर्ने व्यवहारका कारण बालबालिकाले विभेद गर्न सिकेका हुन्छन् ।

भाषाको प्रयोगको विकाससँगै लैङ्गिक विभेदक भनाइहरू उनीहरूका अभिव्यक्तिमा स्वतः रूपमा आउने गर्दछन् । नेपालीलगायत संसारका प्रायः सबै भाषामा प्रयोग गरिने कतिपय उखानहरू विभेदकारी छन् । पूर्वीय सभ्यतामा दक्षिण एसियाका आर्य भाषाहरूको मूल संस्कृत भाषादेखि नै लैङ्गिक विभेद देखिँदै आएको हो भन्ने प्रशस्त उदाहरणहरू संस्कृत भाषाका ग्रन्थहरूमा पाइन्छ । *श्रीमद्भागवत्गीता*को अध्याय नौ को ३२ औँ श्लोकलाई हेरौँ :

मां हि पार्थ व्यपश्रित्य येऽपि स्यु: पापयोनय: ।

स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥ (कृष्णकृपामय, सन् २०१६)

माथिको श्लोकमार्फत श्रीकृष्णले स्त्री, वैश्य, शूद्र आदि पाप योनीबाट जन्म भएकाहरू भए पनि मेरो शरणमा आए भने पापमुक्त भई स्वर्ग जान्छन् भनेका छन् । यसले नारीलाई एकदमै तल्लो दर्जामा राखेर हेरेको पुष्टि हुन्छ । यसैगरी तुलसी दासद्वारा लिखित *रामचरितमानस*को सुन्दरकाण्डमा 'ढोल, गवार, पशु, शुद्र र नारी' लाई कुटेर तह लगाउनुपर्छ भन्ने अभिव्यक्ति दिएका छन् । यसका आधारमा त्यस सामाजिक-सांस्कृतिक परिवेशमा नारी जातिको कुनै अस्तित्व नै थिएन भन्ने देखिन्छ । बङ्गाली भाषामा पनि 'भाग्यमानीकी श्रीमती मर्छे र अभागीको गाई मर्छ' भन्ने उखान पाइन्छ । यस उखानअनुसार बङ्गाली समाजमा पनि स्त्रीलाई मूल्यहीन वस्तु मानेर आफूसँग भएको काम नलाग्ने भइदिए अर्को ल्याउन पाइन्छ भनेर खुसियाली मनाउने प्रचलन रहेको देखिन्छ । यसैगरी मराठी भाषामा 'फिटेको दाल र पिटेकी छोरी मात्र सही हुन्छन्' भन्ने उखानले स्त्रीलाई धातुका सामानसरह दर्जामा राखी पिट्नु तथा अर्जाप्नुपर्छ अनि मात्र आफूले भनेको मान्छन् र आफ्नो काबुमा ल्याउन सकिन्छ भन्ने अभिव्यक्ति तथा लोकोक्ति पाइन्छ । तुलनात्मक रूपमा लैङ्गिक विभेद खासै नभएको मानिने आसामी समाजमा पनि 'हतियारलाई ठिक राख्न उध्याइरहनुपर्छ र नारीलाई ठिक राख्न कुटिरहनुपर्छ' भन्ने भनाइ प्रचलित रहेको हुनाले नारीलाई उपेक्षाका दृष्टिले हेर्ने परम्पराबाट आसामी समाजमा पनि अछुतो नरहेको देखिन्छ । (देवी, २००३)


समाज, कार्यक्षेत्र तथा परिवारमा महिलाप्रति गरिने दमन एवं शोषणविरुद्ध चेतनाको विकास र महिला पुरुष एवं दुवैद्वारा अन्यायपूर्ण अवस्थालाई परिवर्तन गर्ने जागरुक सक्रियता नै नारीवाद हो (समरेखा, सन् २०१६) । यो वाद नारी र पुरुष समान हुन्, सम्पूर्ण रूपमा कुनै पनि दृष्टिकोणबाट नारी र पुरुषमा भेदभाव हुनु हुन्न भन्ने विचारधारा बोकेर पुरुषवादी सामाजिक मूल्यमान्यताका विरुद्ध आवाज उठाउँदै आन्दोलनरत छ । नारीवादको फस्ट वेभ अठारौँ शताब्दीबाटै प्रारम्भ भएको हो । मेरी उल्स्टन क्राफ्टले सन् १७९२ मा *भिन्डिकेसन अफ उमन* शीर्षकमा पुस्तक प्रकाशन गरी महिलाहरूले पुरुषसरह अधिकार पाउनुपर्ने जिकिर गरेकी थिइन् (साह, २०७६) । त्यसपछि केही व्यक्तिगत प्रयासहरू जारी रहेकै बेला संस्थागत रूपमा महिलाहरूको हकहितका लागि आवाज उठाउँदै सन् १८४८ मा अमेरिकामा सेनेका फल्स सम्मेलन भयो । यसलाई विश्वको प्रथम महिला सम्मेलनको रूपमा लिइन्छ (अर्याल, सन् २०२०) । नारीका सम्बन्धमा केही सम्बोधनहरू भए पनि समानता भने आउन नसकेका हुनाले सन् १९९३ मा बेट्टी फ्राइदानले *द फेमिनिन मिस्टिक* पुस्तकमार्फत उदार नारीवादको धारणा अगाडि सार्दै सेकेन्ड वेभ फेमिनिजमको सुरुआत गरिन् (साह, २०७६) । उदार नारीवादले समाजमा नारी र पुरुषको समान अवसर हुनुपर्ने कुराहरू समान ज्याला, शिक्षामा समान अवसर, प्रजनन अधिकारसम्बन्धी सवालहरूमा आवाज उठाएको पाइन्छ । त्यसैगरी सन् १९४९ मा सिमोन द ब्युभोरको *द सेकेन्ड सेक्स* पुस्तकमार्फत उग्र नारीवादी अवधारणाको विकास भएसँगै यस आन्दोलनले तीव्रता पाएको हो । सन् १९९० को दशकमा उग्र नारीवादको विरोध गर्दै नारीवादको तेस्रो वेभको प्रारम्भ भयो (साह, २०७६) । यसपछि समय, स्थान र परिवेशअनुसार नारीहरूका समस्याहरू एकै प्रकारका हुँदैनन्, कतै समानताको नजिक पुगेको अवस्था छ भने कतै प्रारम्भिक चरणमै रहेको छ भन्ने मान्यताका आधारमा आआफ्नै परिवेशमा भइरहेका समस्यामा आधारित भएर व्यापक रूपमा आवाजहरू उठ्न थाले । यसपछि दक्षिण एसियाली मुलुकहरूमा महिला हिंसासम्बन्धी जनचेतना जगाउने र त्यस सम्बन्धमा विभिन्न अध्ययन, अनुसन्धानहरू पनि हुन थालेको पाइन्छ । त्यसैले यस आन्दोलनले नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश आदि दक्षिण एसियाली मुलुकहरूमा पनि निकै प्रभाव छोडेको देखिन्छ । यसरी प्रारम्भ

भएको नारीवादी आन्दोलन उदार नारीवाद, आमूल नारीवाद, मार्क्सवादी नारीवाद, मनोविश्लेषणवादी नारीवाद, अस्तित्ववादी नारीवाद, उत्तरआधुनिकतावादी नारीवाद आदि विभिन्न सम्प्रदायहरूमा विकास हुँदै अगाडि बढेको छ ।

भाषासाहित्यका क्षेत्रमा सन् १९५० को दशकपछि मात्र नारीवादी चिन्तनको सुरुआत भएको पाइन्छ । त्यसपछि भाषिक अभिव्यक्तिहरूमा लैङ्गिक असमानता, पितृसत्तात्मकता तथा पुरुषप्रधान मनोवृत्तिसम्बन्धी तथ्यहरूलाई अगाडि सारेर साहित्यिक सिर्जना र समालोचनाका क्षेत्रमा नारीवादी दृष्टिकोण देखा पर्न थाले । नेपाली साहित्यका क्षेत्रमा वि. सं. १९९१ मा प्रकाशित *रूपमती* उपन्यासमा केही नारीवादी चेत पाइन्छ भने *रूपमती*पछिका *स्वास्नी मान्छे, अनुराधा, तीन घुम्ती* आदि उपन्यासहरूमा नारीवादी चेतना अझ दरिलो हुँदै गएका तथ्यहरू भेटिन्छन् । हाल आएर नारीवादी दृष्टिकोणका आधारमा विभिन्न कृतिहरूको विश्लेषणमूलक अनुसन्धानहरू पनि हुन थालेका छन् । कृति तथा भाषिक अभिव्यक्तिहरूमा प्रयोग हुने नेपाली उखानहरूको सङ्कलन गर्ने, अर्थसहित वर्गीकरण गर्ने आदि विभिन्न कार्यहरू भएका भए पनि लैङ्गिक वर्गीकरणमा परेका उखानहरूको अनुसन्धानात्मक विश्लेषण खासै नभएका हुनाले लैङ्गिक विभेदक उखानहरूको विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

लैङ्गिक दृष्टिले प्रत्यक्ष वा परोक्ष रूपले विभेदको सङ्केत जनाउने प्रकृतिका उखानहरू लैङ्गिक विभेदक हुन् । यिनीहरू लाक्षणिक र व्यञ्जनात्मक पनि हुने भएकाले अभिव्यक्तिको सन्दर्भ, आशय तथा प्रसङ्गबाट अर्थ्याउनुपर्ने हुन्छ । त्यसैले यस लेखमा प्रयुक्त अवधारणात्मक ढाँचा चित्र १ र २ अनुसार भएको छ ।


चित्र सङ्ख्या १
उखान विश्लेषणको आधार




माथिको अवधारणामा आधारित भएर विभेदक उखानहरूलाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । लैङ्गिक विभेद जनाउने उखानहरूलाई चित्र २ मा उल्लिखित प्रकारका आधारमा नारीवादी आलोचनात्मक दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

प्रस्तुत लेखका लागि सङ्कलित उखानहरूलाई हेर्दा विभेदको प्रकार र मात्रा समान पाइँदैन । यिनीहरूलाई मोटामोटी रूपमा चित्र २ अनुसार चार प्रकारमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ ।

चित्र सङ्ख्या २
उखानका प्रकार




## नतिजा र विमर्श

प्राकृतिक रूपमा स्वस्थ र सामान्य अवस्थामा नारी र पुरुषको शारीरिक बनावट, स्वर आदिमा भिन्नता हुन्छ । यसकै जगमा टेकेर हरेक समाजले लैङ्गिकतासम्बन्धी आआफ्नै ढङ्ग र ढाँचाका मान्यताहरू सिर्जना गरेका हुन्छन् । पितृसत्तात्मक समाजले आफूअनुकूलको मूल्य, मान्यता कायम राखेर त्यसै अनुरूप भाषिक प्रयोग विस्तारलाई पनि बढावा दिनका लागि अभिव्यक्तिका क्रममा विभेदकारी उखानको प्रयोग प्रचलनमा ल्याएको पाइन्छ तर पुस्तान्तरणकै क्रममा पछिल्ला समयमा पुरुषप्रधान समाज पनि सबै लिङ्ग, जाति, वर्ग आदि समान हुन्छन् भन्ने सकारात्मक सोचतिर फड्को मार्दै अगाडि बढ्न थालेका छन् । विकसित समाज र राष्ट्रमा लैङ्गिक विभेद जनाउने भाषिक अभिव्यक्तिहरू कमै मात्र पाइन्छन् भने विकासशील र विकासोन्मुख समाज र राष्ट्रमा यस्ता अभिव्यक्तिहरूको प्रयोग बढी देखिन्छ ।

नेपाली समाज पनि विकासको गतिमा बामे सर्ने प्रक्रियाबाट अगाडि लम्कँदै गरेका हुनाले यहाँको लोकजीवनको प्रयोग प्रचलनमा मात्र नभई औपचारिक कार्यक्रमका अभिव्यक्तिहरू तथा लिखित रूपका विभिन्न लेख, पाठ्यपुस्तक, समाचारपत्र आदिमा विभेदक उखानहरूको प्रयोगमा कमी आए पनि हट्न सकेको छैन । त्यसैले यहाँ प्रकारगत आधारमा नेपाली भाषाका केही विभेदक उखानहरूको विश्लेषणगत चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

## सचेत नभई प्रयोग गरिने लैङ्गिक विभेदक उखान

परम्परागत रूपमा चलिआएका सामाजिक, सांस्कृतिक मान्यतामा अभ्यस्त भएका मानिसहरूले आफ्नो परिवेशमा गढेर बसेको प्रभावका कारण लैङ्गिक विभेदकारी उखानको प्रयोग भएको कुरा उनीहरूको चेतनामा आउँदैन । अवचेतन अवस्थामै पितृसत्तात्मक सोचका भाषिक अवशेषहरू विभेदक भनाइका रूपमा बाहिर आउने गर्दछन् । महिलालाई समाजमा मूल्यहीन ठान्ने, दोस्रो दर्जाको मान्ने र उपेक्षाका दृष्टिले हेर्ने प्रवृत्तिका उखानहरू स्वाभिमान र स्वावलम्बनसहित

प्रगतिपथमा अघि बढेका तथा विभेदविरुद्ध आवाज उठाउने व्यक्तिहरूले पनि कहिलेकाहीँ प्रयोग गरिरहेका हुन्छन् ।

नारीलाई समाजमा आक्षेप लगाउने परम्परा पहिलेदेखि नै रहेको हुनाले बौद्धिक वर्गका मानिसहरूले सचेत हुँदाहुँदै पनि यस्ता विभेदक उखानको प्रयोग गर्ने गरेको पाइन्छ । कथ्य भाषिक अभिव्यक्तिका भाषण, प्रवचन, सामान्य कुराकानी आदिमा असावधानीका कारण प्रयोग हुने केही उखानहरूलाई हेरौँ :

*ढिलै होस् छोरो होस्*– अभिधात्मक रूपमा यस उखानको अर्थ ढिलो भए पनि काम राम्रो बनोस् भन्ने लाग्दछ । यस उखानको सोझो रूपमा स्त्री जातिसँग कुनै सम्बन्ध नभएको जस्तो देखिए तापनि यसले पुरुषलाई प्राथमिकता दिएको छ । यस उखानले लाक्षणिक रूपमा जति छोरी भए पनि वंशको अस्तित्व राख्नका लागि अन्त्यमा छोरो नै चाहिन्छ भन्ने पितृसत्तात्मक सोच प्रस्तुत गरेको छ । शिक्षित, बौद्धिक वर्गका मानिसहरूले पनि यस्ता उखानहरूको प्रयोग गरिरहेका हुन्छन् । उदाहरणका रूपमा यस प्रसङ्लाई हेरौँ : बहुदलीय व्यवस्थाको पुनःस्थापना भएपछि संविधान बन्न लामो समय लागेको अवस्थामा पनि किन संविधान बन्न ढिलो भयो भन्ने प्रश्नको जवाफमा राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेका तात्कालीन संविधान मस्यौदा समितिका संयोजक कृष्णप्रसाद भट्टराईले 'ढिलै होस् छोरो होस्' भन्ने उखानको प्रयोग गरेपछि यसले निकै हलचल मच्चाएको थियो । तात्कालीन समयमा यस अभिव्यक्तिका विरूद्धमा आन्दोलन चर्किएको घटना पनि ताजै छ । यस अभिव्यक्तिमा भट्टराईको आशय नारी जातिलाई होच्याउने प्रकृतिको नभएको भए पनि असावधानीगत भाषा प्रयोगका कारण यस्ता प्रकारका त्रुटिहरू हुने गर्दछन् । यसरी असावधानीका कारण हुने विभेदक अभिव्यक्तिहरू हाम्रो समाजको मूल्य, मान्यताबाट अर्जित भई अवचेतन मस्तिष्कमा गढेर बसेका हुन्छन् र बोल्ने क्रममा थाहा नै नपाई फुत्किन्छन् ।

## आक्षेप लगाउने प्रकृतिका लैङ्गिक विभेदक उखान

औँसिया, आमा खाएकी, पोइ टोकुवी आदिजस्ता टिका-टिप्पणीमार्फत हाम्रो समाजमा स्त्री जातिलाई विभिन्न आक्षेप लगाउने गरेको पाइन्छ । नेपाली समाजमा औँसीको दिन जन्म भएका छोरीलाई नकारात्मक टीकाटिप्पणी गर्दै कसैले औँसिया बसेको घरमा ठुलो चट्याङ पर्ने सम्भावना हुन्छ, औँसियालाई चट्याङले लाग्छ, औँसिया अलच्छिना हुन्छन्, यिनीहरूको ग्रहले अरूलाई पीडा दिन्छ भन्ने दोष लगाउँछन् । त्यसैगरी छोरी जन्मँदा कुनै कारणवश आमाको मृत्यु भएमा त्यस नानीलाई जन्मँदै आमा निलेकी/खाएकी आदि भन्न थालिन्छ र उसलाई सानैदेखि उपेक्षाका दृष्टिले हेर्ने र आक्षेप लगाउने प्रचलन हालसम्म पनि हट्न सकेको छैन । त्यसले बाल मस्तिष्कमा कत्तिको असर पर्छ भन्ने कुराको कुनै प्रवाह नै नगरी समाजका मान्य व्यक्तिहरूले पनि यस्तो किसिमको अन्धविश्वासपूर्ण कुरामा विश्वास गरेको पाइन्छ । उनीहरूले शिक्षाको पहुँचबाट टाढा रहेका व्यक्तिहरूलाई सम्झाउनुपर्नेमा उल्टै यस्ता टीकाटिप्पणी गर्नमा उक्साइरहेका हुन्छन् । विवाहपछि कुनै दुर्घटनामा परेर वा कुनै कारण श्रीमानको मृत्यु भएमा पनि पोइ टोक्ने, बोक्सी आदिको संज्ञा त्यही समाजका मानिसहरूले दिने गर्दछन् । यस्ता अभिव्यक्तिले नारीलाई पीडामाथि अझ हतोत्साही बनाएको हुन्छ । समाजमा एकल महिलाले केही पेसा गरिरहेकी छन् भने उनको लवाइखवाइ, पहिरन, हिँडाइ, बोलीचाली आदिलाई पनि आआफ्नै तरिकाले टीकाटिप्पणी गर्ने, लान्छना लगाउने गरिन्छ ।

*ठाडो टीका लाउँछे, स्वामीकहाँ धाउँछे*– धर्ममा समाहित भएर आफ्नो मार्गमा अगाडि बढेका महिलालाई समेत आक्षेप लगाउन समाज कहिल्यै पछि नहट्ने सङ्केत यस अभिव्यक्तिले

प्रकट गरेको छ । समाजमा असल र आफ्नो मार्गमा हिँडिरहेका नारीलाई यौनसँग जोडेर अनेक प्रकारका आक्षेप लगाइन्छ । ठाडो टीका लगाउनुको तात्पर्य भक्तिभावमा समर्पित हुनु; हत्या, हिंसाजनक कार्यबाट टाढा रहेर धार्मिक मार्गका माध्यमबाट सबैलाई समान दृष्टिले हेर्ने, अरूको सेवा गर्ने भन्ने हुन्छ तर एक भिक्षुणी, भक्ति मार्गमा लागेकी महिलालाई पनि पुरुषप्रधान समाजले राम्रो नजरले हेर्दैन र उनलाई गुरु, स्वामी, सन्तहरूसँगको यौन प्रसङ्गमा जोडेर हेर्ने गर्दछ ।

*आफ्नी छोरी नखरमाउली, तन्नेरीलाई दोष*– यस उखानमा अभिधात्मक रूपमा नै छोरीलाई आक्षेप लगाइएको छ । छोरीको कुनै गल्तीबिना पनि उसलाई नखरमाउलीको संज्ञा दिइएको छ । स्त्री जातिले आमाबुबा, सासूससुरा, श्रीमान् आदिका साथै समाजका मानिसहरूलाई उपयुक्त हुने र उनीहरूको स्वीकारोक्तिअनुसारका मात्र पोसाक लगाउन, हिँड्डुल गर्न, रमाइलो गर्न, हाँस्न, कुराकानी गर्न पाउँछन् । बाटोमा हिँडिरहेका बेलामा केटाले केटीलाई जिस्क्याए पनि केटीकै दोष देखाउने गरिन्छ । छोरीलाई मात्र होइन मानिसहरूले उसका आमाबुबालाई समेत आफ्नै छोरी नखरा पार्दै हिँड्छे, अरूलाई दोष दिन्छन् भन्ने जस्ता नकारात्मक टिप्पणी गर्दै आक्षेप लगाउँछन् । आफू सही बाटोमा हिँडिरहेको र कुनै कसुर नभए पनि पितृसत्तात्मक समाजमा नारीहरू विभिन्न प्रकारका आक्षेपहरू खेप्न बाध्य छन् । वास्तविकता के हो भन्ने कुराको कुनै सोधखोज नै नगरी; पुरुषकै गल्ती ठहरिने अवस्थामा समेत स्त्रीलाई नै आक्षेप लगाउने र उसमाथि नै प्रहार गर्ने गरिन्छ । त्यति मात्र होइन महिलाहरूको पहिरनलाई लिएर 'आगोको छेउमा घिउ पग्लिहाल्छ नि', 'हेर हेर त्यसका नखरा' भन्ने जस्ता नकारात्मक टीकाटिप्पणी गर्नसमेत पछि पर्दैन यो पुरुषप्रधान समाज ।

हाम्रो समाजमा जसले दुर्व्यवहार गऱ्यो, त्यही पुरूषलाई छोरी जिम्मा लगाउने, छोरीको इच्छाविपरीत विवाह गरिदिने, आर्थिक लेनदेन गरी मिलापत्र गरेर दुर्व्यवहार गर्ने पुरुषलाई समाजका गन्यमान्य व्यक्तिहरूकै रोहबरमा संरक्षण गरेर राख्ने प्रचलन हालसम्म पनि छ । त्यस्तो ठुलो गल्ती गर्नेले सजाय भोग्नुपर्ने हो तर ऊ छाती फुलाएर गौरवका साथ निर्धक्क भई समाजमा घुमिरहेको हुन्छ र अन्य नारीमाथि पनि गिद्धे नजर लगाउँछ । पुरुष भएकै कारण उसलाई यी सबै कार्य गर्न छुट छ तर नारीलाई भने शारीरिक र मानसिक दुवै रूपमा झन्झन् पीडा थोपरिन्छ ।

## अवमूल्यन गर्ने प्रकृतिका लैङ्गिक विभेदक उखान

*आइमाइका जातको रुद्रघण्टी हुँदैन*– महिलालाई नीतिनिर्माणमा सहभागी नगराउने, पारिवारिक र सामाजिक महत्त्वका जानकारीहरू नदिने र सधैँ दोस्रो दर्जामै राख्न चाहने पुरुषप्रधान समाजले सधैँ महिलालाई अवमूल्यन गर्न खोजिरहेको हुन्छ । महिलासँग गोप्य कुरा खोल्नु हुन्न भन्ने आशय यस उखानले व्यक्त गरेको छ । अभिधात्मक रूपमा यस उखानको अर्थ स्पष्ट छ । व्यावहारिक जीवनमा आफ्नै घरपरिवारभित्र धेरै सुन्न पाइने उखानहरूमध्ये यो पनि एक हो । गोपनीयता कायम राख्ने वा बाहिर ल्याउने भन्ने कुरा महिला वा पुरुष जो भए पनि उसको आफ्नो स्वभावमा भर पर्ने कुरा हो तर सर्वसाधारणको त कुरै छोडौँ आफूलाई बौद्धिक वर्गको ठान्ने व्यक्तिहरूले पनि पुरुषको घाँटीमा स्पष्ट देख्न सकिने रूद्रघण्टीलाई गोपनीयताको प्रतीक मानेर यस्तो टिप्पणी गरिरहेका हुन्छन् । पुरुषले गोपनीयता भङ्ग गरेमा यस्ता उखान बन्दैनन् तर स्त्री जातिले महिला भएकै कारण यस्ता प्रकारका सामाजिक टीकाटिप्पणीको सामना गर्नु परिरहेको छ ।

*काम पाइनस बुहारी पोख्दै उठाउँदै*– यहाँ बुहारीले केही काम नगरी खाली बस्नु हुन्न भन्ने एउटा अर्थ र बुहारीको काम गर्ने ढङ्ग छैन, त्यही काम दोहोऱ्याएर गरिरहन्छे भन्ने अर्को अर्थ गरी दुई प्रकारका आशय व्यक्त भएका छन् । हाम्रो समाजमा जुनसुकै घरपरिवारका बुहारीले खाली बस्नै हुँदैन, केही न केही भए पनि गरिरहनुपर्छ भन्ने चलन छ । अझै पनि हाम्रो गाउँघरका बुहारीले

बिहान सबेरै उठेर काम सुरु गर्नपर्ने र रात ढल्किन लाग्दासम्म कामधन्दा नसकिने अनि निद्रा नपुग्दै भालेको डाँकभन्दा अगाडि नै उठेर फेरि अर्को दिनको घरधन्दा गर्न थाल्नुपर्ने हुन्छ । उनले खानेकुरा खान पनि सबैलाई दिएर बाँकी रह्यो भने मात्र खाने हो । पुरुषहरू भने काम नगरी गफ गरेर बस्ने, जुवातास खेल्ने गर्दछन् । 'केही काम छैन, कति अल्छीलाग्दो दिन' भन्दै आङ तान्छन् तर घरका आमा, श्रीमती, छोरी, बुहारीलाई घरायसी काममा सघाउँदैनन् । नारीहरूलाई न टुसुक्क बस्ने फुर्सद हुन्छ न त जस पाउँछन् ।

*खुट्टा भए जुत्ता जति–* यस उखानमा शब्दका तहमा कुनै पनि प्रकारको विभेद नदेखिए पनि अर्थका दृष्टिले पुरुषलाई खुट्टा र महिलालाई जुत्तासँग तुलना गरी पुरुषले जति पनि विवाह गरे हुन्छ भन्ने व्यञ्जनात्मक आशय प्रकट भएको छ । महिला र पुरुष समाजका उत्तिकै महत्त्वपूर्ण र समान हैसियतका दुई पाटा हुन् तर पनि व्यवहारमा यो देखिँदैन । हाम्रो समाजमा अहिले पनि महिलालाई खासै मूल्य नभएको, मात्र एक उपभोग्य वस्तु ठान्ने गरिन्छ। यस्ता उखानहरू कुनै श्रीमान्श्रीमतीबिच खटपट भएमा वा पुरुषलाई अप्ठेरो परेमा सम्झाउनका लागि मान्यजन, अग्रज वा मित्र वर्गले बढी प्रयोग गर्दछन् भने कहिलेकाहीँ श्रीमतीलाई पुरुषले धम्क्याउनका लागि पनि प्रयोग गर्दछन् ।

*पोथी बासेको ...* – नेपाली ग्रामीण समाजमा 'पोथी बास्यो भने धुरी कटाउनु पर्छ', 'पोथी बासेको राम्रो होइन', 'पोथी बास्यो भने निमोठ्नुपर्छ' ... आदिजस्ता उखानहरू बहुसङ्ख्यकले प्रयोग गर्दछन् । यहाँ शब्दका तहमा विभेद देखिन्न तर यसबाट महिलालाई अघि बढ्ने, नेतृत्व लिने आदिजस्ता महत्त्वपूर्ण कदमबाट रोक्न खोज्ने आशय स्पष्ट रूपमा प्रकट भएको छ । पुराना पुस्ताका मानिसहरूमा मात्र होइन नयाँ पुस्ताका मानिसहरूमा एक वा अर्को रूपमा यस प्रकारको मानसिकता देखिन्छ । काठमाडौँ उपत्यकाभित्र चलेका केही विद्यालय तथा क्याम्पसहरूमा लेखक स्वयंद्वारा गरिएको अध्ययनका क्रममा बहुसङ्ख्यक पुरुष शिक्षकको मानसिकता नेतृत्व तहमा महिलाहरूलाई जिम्मेवारी दिनु हुन्न भन्ने रहेको पाइयो । संस्थामा स्वाभाविक रूपले महिला नेतृत्वको पालो आएको अवस्थामा पनि महिलालाई नेतृत्व नदिनका लागि घुमाउरो पाराले 'महिलाहरू घरायसी काममा व्यस्त हुन्छन्, त्यसैले समय दिन भ्याउँदैनन्' भनी नेतृत्वबाट वञ्चित गराउने प्रयास भएका उदाहरणहरू पनि भेटिए । महिलाको नेतृत्वमा चलेका केही राम्रा उदाहरणहरू दिँदा पनि पुरुष मानसिकता 'पोथी बासेको धेरै दिन टिक्तैन' भन्दै महिला नेतृत्वलाई स्वीकार गर्न हिचकिचाउँछ । यसरी एकातिर हाम्रो समाज अझै पनि पितृसत्तात्मक सोचबाट माथि उठ्न नसकेको प्रस्टै झल्किन्छ भने अर्कातिर महिलाहरू अगाडि बढे भने आफू तल परिन्छ भन्ने सोचले विभिन्न उपाय अपनाउँदै सक्षम महिलाहरूको खुट्टा तान्ने र दबाउन खोज्ने प्रवृत्ति देखिन्छ । पेसागत क्षेत्रमा मात्र होइन घरपरिवारमा समेत महिलाले नेतृत्व लिएको परिवारको पुरुषलाई 'जोइटिङ्ग्रे' भनिन्छ तर पुरुषले नेतृत्व लिँदा हालसम्म 'पोइटिङ्ग्रे' भन्ने शब्द बनेको छैन । महिलाहरूलाई अवमूल्यन गर्ने यस्ता प्रकारका पदपदावली, टिप्पणी, उखान-टुक्का आदि पुरुषप्रधान समाजका महिलाद्वेषी मानसिकताका उपज हुन् ।

*जसका छोरा उसका धन–* यस उखानमा प्रत्यक्ष रूपमा नारीको कुरा नगरिएको भए पनि लाक्षणिक रूपमा छोरीलाई मूल्यहीन र छोरालाई धनसम्पत्तिको प्रतीक मान्ने सामाजिक मनोवृत्ति पोखिएको छ । छोरो वंश विस्तारक र सम्पत्ति हो तर छोरी पराया घर जाने वस्तु मात्र हो भन्ने मनोवृत्ति यसबाट झल्किन्छ । हाम्रो समाजमा छोराले आमाबाबु तथा घरपरिवारलाई दुःख दिएका र छोरीहरूले जिम्मेवारी बहन गरेका प्रशस्त उदाहरणहरू हुँदाहुँदै पनि एउटै कोखबाट जन्मिएका छोरा र छोरीमा विभेद गर्ने गलत प्रवृत्ति अझैसम्म हट्न सकेको छैन । घरपरिवारमा एउटा छोरो जसले कहिल्यै आफ्ना मातापितालाई सम्मान गर्न जानेको छैन, दैनन्दिन दुःख दिइरहन्छ भने पनि छोरो नै

उनीहरूको सम्पत्ति हुन्छ । आमाबुबालाई हेप्ने, अपमान गर्ने छोरो भए पनि नेपाली समाजले छोरासँग बस्ने आमाबुबालाई स्वाभाविक ठान्दछ तर छोरीसँग बस्ने आमाबुबालाई समाजले र आफन्तजनले पनि नकारात्मक दृष्टिले हेर्ने प्रवृत्ति छ ।

## हिंसाप्रेरित लैङ्गिक विभेदक उखान

*साली आधा घरवाली*– 'सालीमाथि भिनाजुको हक लाग्छ' भन्ने सामाजिक प्रचलनअनुसार नै यो उखान बनेको हो । नेपाली समाजमा केही समयअघिसम्म अभिभावकले पनि भिनाजुलाई साली दिने परम्परा थियो । केही समाजमा भिनाजुको भाइले पनि बेवास्ता गरे मात्र अरूलाई दिने गरिन्थ्यो; केही समुदायहरूमा हालसम्म पनि यो प्रचलन कायम छ । यस उखानको आशयअनुसार श्रीमतीकी बहिनीलाई आफ्नो अधिकारको वस्तु ठान्ने र उसमाथि कुदृष्टि राख्ने भिनाजुलाई समाजले गलत ठान्दैन; भिनाजुले साली (तथा उसकी भदैनीसमेत) लाई जबर्जस्ती गरे वा उसलाई श्रीमतीको रूपमा भित्र्याए पनि स्वाभाविक ठान्छ । फलस्वरूप हाम्रो समाजमा यस्ता धेरै घटनाहरू भेटिन्छन् ।

छोरीलाई मन परेको पुरुषसँग विवाह गरिदिने प्रचलन सुरु भए पनि विवाहका लागि योग्य वर अभिभावकले नै खोजिदिने र उनीहरूले भनेकै व्यक्तिसँग छोरीले विवाह गर्नुपर्ने मान्यता अझैसम्म पनि समाजबाट हट्न सकेको छैन । सामान्य अवस्थामा छोरीलाई आफ्नो मन मिल्ने पुरुषको छनोट गर्ने अधिकार दिइँदैन, यदि उसले मन पराएर आफूखुसी विवाह गरी भने पनि उसलाई माइतघर जान मनाही गरिन्छ । यस्तो संस्कारमा हुर्किएका धेरै स्त्रीहरू आफ्नै अभिभावक, परिवार तथा आफन्तबाट नै हिंसामा परेका छन् । हिंसामा परेका बेलामा उनीहरूलाई हौसला र संरक्षण गर्नुको साटो अझ नखरमाउली, उत्ताउली आदि भनेर अर्को हिंसा समाजले नै गरिरहेको हुन्छ ।

*लट्ठी टेके भर, कान्छी ल्याए घर*– नारीमा विभिन्न प्रकारका खोट देखाई पुरुषहरूलाई बहुविवाह गर्नका निम्ति उक्साउने यस्ता प्रकारका उखानहरूको प्रयोग नेपाली समाजमा हालसम्म पनि हुने गरेका छन् । महिलालाई अस्तित्वहीन लट्ठीसँग तुलना गरी पुरुषको साहारा मात्र ठान्ने यस्ता अभिव्यक्तिले महिलामाथि हिंसा गरिरहेका र हिंसा गर्न प्रेरित गरिरहेका छन् । यस अभिव्यक्तिले लहरायुक्त काँक्रा-फर्सी आदिमा जति धेरै थाङ्ग्रा लगायो त्यति धेरै भर भए झैँ पुरुषलाई धेरै श्रीमती जोड्न उक्साएको छ ।

## निष्कर्ष

प्रस्तुत लेखमा नमुनाका रूपमा सङ्कलित सबै उखानहरू नारीहितका विरुद्धमा रहेका र फरकफरक प्रकार तथा प्रकृतिका पनि छन् । कुनैकुनै उखान दुई प्रकारमा राख्न सकिने खालका पनि देखिन्छन्; जस्तै : 'खुट्टा भए जुत्ता जति' भन्ने उखानले नारीलाई हिंसा गर्ने र अवमूल्यन गर्ने दुवै भाव बोकेको हुनाले ती दुवै प्रकारमा राख्न सकिन्छ । समाजमा नारीलाई पुरुष समान नदेखाउन विभेदक प्रकृतिका टिकाटिप्पणीहरू पुरुषद्वारा र पितृसत्तात्मक मानसिकतामा हुर्किएका व्यक्तिद्वारा बनाइएका हुन् । समानता विरोधी भाषिक प्रयोग आजको समाजमा पक्कै पनि सुहाउँदो विषय होइन । त्यसैले यस प्रकारको भाषिक विभेद हटाई समानता र सहअस्तित्वको भाव जगाउने भाषा प्रयोगमा समाजका अगुवा (राजनीतिक नेतृत्व, नागरिक समाज, अधिकारकर्मी, लेखक, साहित्यकार आदि) सबैको महत्त्वपूर्ण भूमिका रहन्छ । भेदभावरहित समाज निर्माणका लागि आफ्नो भाषिक अभिव्यक्तिमा सचेतता अपनाउँदै भेदभावयुक्त भाषिक प्रयोगको विरुद्ध अभियान सञ्चालन गर्नु आवश्यक छ । यसैगरी भेदभावरहित भाषिक प्रयोगमा विद्यालय शिक्षाको पनि ठुलो भूमिका हुन्छ ।

बालबालिकालाई सिकाउन प्रयोग गरिने पाठ्यपुस्तकहरू समावेशी र समतामूलक हुनु आवश्यक छ; छात्र र छात्रामा विभेद देखिनु हुँदैन। तसर्थ पाठ्यवस्तु र अभ्यास खण्डमा प्रयुक्त भाषा तथा चित्रहरू सचेततापूर्वक छनोट गरिनुपर्छ।

एक्काइसौँ शताब्दीको उत्तरार्धतिर आइपुग्दा नेपाली समाज राजनीतिक दृष्टिले मात्र होइन सामाजिक, शैक्षिक, आर्थिक रूपमा पनि परिवर्तन हुँदै छ। पछिल्लो राजनीतिक परिवर्तन भएसँगै संवैधानिक प्रावधानहरू समानता तथा समतामूलक बन्दै गइरहेको अवस्थामा पनि यहाँ नारीलाई हेर्ने दृष्टिकोणमा खासै परिवर्तन भएको पाइँदैन। हाम्रा भाषिक अभिव्यक्तिहरू हामी र हाम्रो सामाजिक मानसिकताका ऐना हुन्। सामाजिक अन्धविश्वासलाई चिर्दै हाम्रा गाउँघरका भौतिक छाउगोठहरू भत्काउन थालिए पनि भाषिक प्रयोगका क्षेत्रमा बनेका छाउगोठहरू अझैसम्म भत्किएका छैनन्। मैलो कपडालाई साबुन वा सरफमा भिजाएर धोएपछि सफा भए जस्तो पितृसत्तात्मक सोच एकै पटकमा हाम्रो मानसिकताबाट हट्न त नसक्ला तर भाषिक प्रयोक्ता सबैले सजग भई आफ्नो घरपरिवारबाट नै विभेद जनाउने प्रकृतिको भाव आउने अभिव्यक्तिलाई निरुत्साहित गरियो भने मात्र पनि हाम्रा सन्ततिले यस्ता नकारात्मक कुराहरू सिक्दैनन्।

## सन्दर्भ सामग्रीसूची


अर्याल, अम्बिका (सन् २०२०). 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा नारीचेतना'. *नेपाली समालोचना,* साभार http://nepalisamalochana.com/?p=791#comment-11

कृष्णकृपामय (सन् २०१६). *श्रीमद् भगवद्गीता यथारूप.* (अनु.) वादरायण दास. मुंबई : भत्ति वेदान्त बुक ट्रस्ट।

घिमिरे, ध्रुवकुमार (२०७०). *नेपाली भाषाका टुक्काको सैद्धान्तिक विमर्श.* काठमाडौँ : वि रिड।

नेपाल प्रज्ञा-प्रतिष्ठान (२०७५). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

पौड्याल, शिवप्रसाद (२०७७). *नेपाली उखानको विषयात्मक अध्ययन* (दोस्रो संस्क.). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

बन्धु, चूडामणि (२०७१). *नेपाली लोकसाहित्य.* काठमाडौँ : एकता बुक्स।

शाह, रीता (चैत ३, २०७६). नारीवादी आन्दोलनमा सीमान्तकृत महिला, *कान्तिपुर,* साभार https://ekantipur.com/opinion/2020/03/16/158432456835369805.html.

समरेखा (डिसेम्बर १४, सन् २०१६) नारीवाद के हो ? *समरेखा,* साभार http://samarekha.com.np/ ?p=1032.

Devi, B. (2003). Women in the mirror of Indian languages. *Language in India*. Retrieved from http://www.languageinindia.com/jan2003/womeninindianlanguages.html.

Eckert, P., & Ginet, M.C. S. (1999). New generalizations and explanations in language and gender research. *Language in Society, 28*(2), 185-201. doi:10.1017/ S0047404599002031